# अर्जुनधारा नगरपालिका
## नगर कार्यपालिकाको बैठक

**बैठक संख्याः** १६/०८१/०८२ **मितिः** २०८२/०३/०९

**अध्यक्षताः** नगर प्रमुख श्री बलदेवसिंह गोम्देन तामाङ

**उपस्थिति**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री बलदेवसिंह गोम्देन तामाङ | |
| उप प्रमुख | श्री खड्गमाया पराजुली | |
| वडा अध्यक्ष,वडा नं १ | श्री उपेन्द्र बस्नेत | |
| वडा अध्यक्ष,वडा नं २ | श्री नरेन्द्र कुमार श्रेष्ठ | |
| वडा अध्यक्ष,वडा नं ३ | श्री सिताराम भट्टराई | |
| वडा अध्यक्ष,वडा नं ४ | श्री अम्बर बहादुर कटुवाल | |
| वडा अध्यक्ष,वडा नं ५ | श्री गिताराज खड्का | |
| वडा अध्यक्ष,वडा नं ६ | श्री हरिश्चन्द्र बास्तोला | |
| वडा अध्यक्ष,वडा नं ७ | श्री गोविन्द प्रसाद खतिवडा | |
| वडा अध्यक्ष,वडा नं ८ | श्री कुमार प्रसाद उप्रेती | |
| वडा अध्यक्ष,वडा नं ९ | श्री भिष्म मिश्र | |
| वडा अध्यक्ष,वडा नं १० | श्री भूपेन्द्र नेउपाने | |
| वडा अध्यक्ष, वडा नं ११ | श्री खगेन्द्र इङ्नाम | |
| कार्यपालिका सदस्य | श्री कौशिलाल परियार | |
| कार्यपालिका सदस्य | श्री गौरीमाया चिमरिया | |
| कार्यपालिका सदस्य | श्री चन्द्र कुमारी तामाङ | |
| कार्यपालिका सदस्य | श्री चन्द्रमाया तामाङ | |
| कार्यपालिका सदस्य | श्री नरेन्द्रबहादुर राई | |
| कार्यपालिका सदस्य | श्री मुना खत्री | |
| कार्यपालिका सदस्य | श्री विमला रोक्का | |
| कार्यपालिका सदस्य | श्री सन्तोष मेचे | |
| सचिव, प्रमुख प्रशासकीय अधिकृत | श्री तिलोचन रिमाल | |
| | | |
| | | |
| | | |

**<u>प्रस्ताव नं १ समिक्षा सम्बन्धमा ।</u>**

अघिल्लो कार्यपालिका बैठकको निर्णयको कार्यान्वयनको सम्बन्धमा समिक्षात्मक छलफल गरियो ।

**<u>प्रस्ताव नं २ आगामी आर्थिक वर्षको बजेट नीति तथा कार्यक्रम सम्बन्धमा ।</u>**

**प्रस्तावको व्यहोराः** अर्जुनधारा नगरपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट छलफल भई पेश भएको आगामी आर्थिक वर्ष २०८२/०८३ को वार्षिक बजेट नीति तथा कार्यक्रम स्वीकृत गरी नगर सभाको सत्रौं अधिवेशनमा पेश गर्नका लागि पेश भएको ।साथै, अर्जुनधारा नगरपालिकाको अर्थ विधेयक, २०८२ तथा विनियोजन विधेयक २०८२ छलफलका लागि पेश भएको ।

**निर्णयको व्यहोराः** प्रस्ताव बमोजिम पेश भएको अर्जुनधारा नगरपालिकाको आगामी आर्थिक वर्ष २०८२/०८३ को वार्षिक बजेट नीति तथा कार्यक्रम, अर्थ विधेयक २०८२ तथा विनियोजन विधेयक, २०८२ मा छलफल गरी पारित गरियो ।उक्त विधेयक तथा आगामी आर्थिक वर्ष २०८२/०८३ को वार्षिक बजेट नीति तथा कार्यक्रम छलफलका लागि मिति २०८२/०३/१० गते बस्ने नगर सभाको सत्रौं अधिवेशनको पहिलो बैठकमा पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ३ सिफारिस समितिका सदस्य मनोनयन सम्बन्धमा ।**

**प्रस्तावको व्यहोराः** कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २७ को उपदफा ४ बमोजिम कर्मचारीहरुको तहवृद्धिका लागि सिफारिस गर्न प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा कार्यपालिकाले तोकेको एक महिला सहित दुई जना वरिष्ठ कर्मचारी रहेकव तहवृद्धि सिफारिस समिति रहने व्यवस्था बमोजिम अर्जुनधारा नगरपालिकाका कर्मचारीहरुको तहवृद्धि सम्बन्धि सिफारिसका लागि गठन हुने  समितिको सदस्य मनोनयनका लागि प्रस्ताव पेश भएको ।

**निर्णयको व्यहोराः** उक्त प्रस्तावमा पेश भएको विषयमा छलफल गरी उल्लेखित सिफारिस समितिमा लेखा अधिकृत श्री गोविन्द रिजाल र अस्पताल नर्सिङ निरीक्षक श्री मञ्जु खतिवडालाई मनोनयन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं ४ बजार ठेक्का स्वीकृति सम्बन्धमा ।

प्रस्तावको व्यहोराः आन्तरिक आय संकलन(ठेक्का बन्दोबस्त) कार्यविधि, २०७५ बमोजिम आव २०८२/०८३ को यस अर्जुनधारा नगरपालिका क्षेत्र भित्रको आइतबारे बजार पशु चौपाया बिक्री कर र साप्ताहिक हाट बजार कर भिटौरी सहित(खुदुनाबारी) संकलनको लागि मिति २०८२/०२/११ मा बोलपत्र आव्हानको (ठेक्का नं. AM/IR/09/081/082) सूचना प्रकाशन भएको र सूचना बमोजिम ३ वटा फर्मले आइतबारे बजार पशु चौपाया बिक्री कर र साप्ताहिक हाट बजार कर भिटौरी सहित(खुदुनाबारी) संकलनको लागि विद्युतीय माध्यमबाट प्रस्ताव पेश गरेको। प्राप्त भएको बोलपत्र प्रस्तावहरुको मूल्याङ्कनको लागि मिति २०८२/०३/०१ गते बसेको मूल्याङ्कन समितिको बैठकबाट नगरपालिकाले आइतबारे बजार पशु चौपाया बिक्री कर र साप्ताहिक हाट बजार कर भिटौरी सहित(खुदुनाबारी)को लागि कायम गरेको न्युनतम रकम (मू.अ.क. बाहेक) रु.६८,००,०००।०० (अक्षेरेपी अड्सठ्ठी लाख रुपैंया मात्र) भन्दा प्राप्त बोलपत्र प्रस्तावहरु मध्ये सबै भन्दा बढी मूल्य अभिवृद्धि कर बाहेक रु.१,१३,०७,७६७।०० (अक्षेरेपी एक करोड तेह्र लाख सात हजार सात सय सठ्सठ्ठी रुपैंया मात्र) कबोल गर्ने गैंडे निर्माण सेवा कन्काइ नगरपालिका वडा नं ३ को प्रस्ताव स्वीकृतीको लागि नगर कार्यपालिका समक्ष पेश गर्ने निर्णय भई आएको। अर्जुनधारा नगरपालिकाको आन्तरिक आय संकलन(ठेक्का बन्दोबस्त) कार्यविधि, २०७५ को दफा ९(३) ले बीस लाख रुपैंया भन्दा माथिको बोलपत्र वा शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने अधिकार नगर कार्यपालिकालाई हुने व्यवस्था बमोजिम मूल्याङ्कन समितिबाट सिफारिस भई आएको गैंडे निर्माण सेवा कन्काइ नगरपालिका वडा नं ३ को प्रस्ताव स्वीकृतको लागि नगर कार्यपालिकाको बैठकमा निर्णयार्थ पेश भएको ।

**निर्णयको व्यहोराः** पेश भए बमोजिम आगामी आर्थिक वर्ष २०८२/०८३ को आइतबारे बजार पशु चौपाया बिक्री कर र साप्ताहिक हाट बजार कर भिटौरी सहित(खुदुनाबारी)को लागि गैंडे निर्माण सेवा कन्काइ नगरपालिका वडा नं ३ को मूल्य अभिवृद्धि कर बाहेक रु.१,१३,०७,७६७।०० (अक्षेरेपी एक करोड तेह्र लाख सात हजार सात सय सठ्सठ्ठी रुपैंया मात्र) को प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो।

**<u>प्रस्ताव नं ५ स्थानीय पाठ्यपुस्तक वितरण सम्बन्धमा।</u>**

**<u>प्रस्तावको व्यहोरा:</u>** यस अर्जुनधारा नगरपालिकाको स्थानीय पाठ्यक्रम बमोजिम नगरपालिकाबाट तयार गरिएको कक्षा ६ देखि ८ सम्मको स्थानीय पाठ्यपुस्तक "हाम्रो अर्जुनधारा" छपाई भई कार्यालयमा प्राप्त भएको र सोको वितरण तथा अन्य व्यवस्थाका लागि छलफलका लागि प्रस्ताव पेश भएको ।

**<u>निर्णयको व्यहोरा:</u>** उक्त प्रस्तावमाथि छलफल गर्दा अर्जुनधारा नगरपालिकामा पहिलो पटक स्थानीय पाठ्यक्रम अनुसारको स्थानीय पाठ्यपुस्तक तयारी भएको हुनाले एक पटकका लागि सबै संस्थागत तथा सामुदायिक विद्यालयहरुलाई विद्यार्थी संख्याको आधारमा निःशुल्क रुपमा पाठ्यपुस्तक उपलब्ध गराउने निर्णय गरियो ।

**<u>प्रस्ताव नं ६ वडा नं ४ को रकमान्तर सम्बन्धमा।</u>**

**<u>प्रस्तावको व्यहोरा:</u>** अर्जुनधारा नगरपालिका ४ नं वडा कार्यलयको च.नं. २८४० को पत्रबाट वडा नं ४ को विपद् व्यवस्थापन सम्बन्धि आयोजनाहरुका लागि आवश्यक ठाउँमा तत्काल ह्युमपाइप खरिद गर्नुपर्ने भएको र सोको लागि अन्य श्रोतमा रकम नभएकोमा उक्त वडाको चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम अन्तर्गत ५० प्रतिशत साझेदारीमा धानको बीउ वितरण कार्यक्रमको रकमलाई ह्युमपाइप खरिदमा रकमान्तर गरी ह्युमपाइप खरिद गर्न स्वीकृतिका लागि सिफारिस सहित पेश भएको ।

**<u>निर्णयको व्यहोरा:</u>** उक्त प्रस्तावमा उल्लेख भए बमोजिम रकमान्तर गरी ह्युमपाइप खरिदमा रकमान्तर गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ७ शिक्षक सरुवा तथा दरबन्दी मिलान सम्बन्धमा ।**

**प्रस्तावको व्यहोराः**

१. अर्जुनधारा नगरपालिकाका सामुदायिक विद्यालयहरुको शिक्षक दरबन्दी तथा विद्यार्थी अनुपातका सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्नका लागि नगरप्रमुखज्यूबाट प्रमुख प्रशासकीय अधिकृतज्यूको संयोजकत्वमा गठित दरबन्दी मिलान तथा अध्ययन कार्यदलले आफ्नो अध्ययन प्रतिवेदन तयार गरी नगर कार्यपालिकाको बैठकमा पेश गरेको ।

२. यस नगर कार्यपालिकाको मिति २०८१/१२/३१ गतेको बैठकबाट नवदुर्गा आधारभुत विद्यालयमा प्राथमिक तह तृतीय श्रेणीमा कार्यरत शिक्षिका श्री कुमारी भण्डारीलाई लक्ष्मी माध्यमिक विद्यालयमा दरबन्दी सहित सरुवा गरिएको देखिएकोमा नवदुर्गा आधारभुत विद्यालयमा नै सो दरबन्दीको आवश्यकता भएको एवं उक्त सरुवा सम्बन्धि विषयमा थप अध्ययन गर्नुपर्ने देखिएकाले हाललाई सो सरुवा सम्बन्धि विषयलाई कार्यान्वयन नगरी शिक्षिका श्री कुमारी भण्डारीलाई नवदुर्गा आधारभुत विद्यालयमा नै हाजिर भई कामकाज गर्न पत्राचार गर्ने भएको निज सरुवा भई गएको दरबन्दी शिक्षा विकास तथा समन्वय इकाईबाट लक्ष्मी मा.वि. मा नै थप भएको देखिएकाले सो दरबन्दीमा सरुवा हुनु भएका शिक्षक श्री कुमारी भण्डारीको सरुवा नियमित गर्नका लागि निर्णयार्थ प्रस्ताव पेश भएको ।

**निर्णयको व्यहोराः** उक्त प्रस्तावहरुमा छलफल गरी देहाय बमोजिमको निर्णय गरियो ।

१. दरबन्दी मिलान तथा अध्ययन कार्यदलको अध्ययन प्रतिवेदन बैठकमा पेश भई छलफल गरियो ।प्रतिवेदनमा उल्लेख भए बमोजिम शिक्षक तथा विद्यार्थी संख्या अनुसार कार्यदलले पेश गरेको दरबन्दी थपघट सम्बन्धि प्रस्ताव बमोजिम दरबन्दी काटिने विद्यालयका शिक्षकहरुलाई (मात्र) दरबन्दी थप हुने विद्यालयमा सरुवा तथा पदस्थापन गर्ने गरी दरबन्दी मिलानको प्रक्रिया अघि बढाउने निर्णय गरियो।

२. प्रस्तावको बुँदा नं २ बमोजिम बमोजिम निज शिक्षक श्री कुमारी भण्डारीको सरुवा सम्बन्धि कार्यालयको साविक निर्णयलाई समर्थन गरी लक्ष्मी मा.वि. अर्जुनधारा-६ मा पदस्थापन गर्ने निर्णय गरियो।

**प्रस्ताव नं ८ शनिश्चरे अस्पतालको रकम भुक्तानी सम्बन्धमा।**

**प्रस्तावको व्यहोराः** अर्जुनधारा नगरपालिका वडा नं ९ मा मिति २०८१/०५/२६ गते स्थानीय एक व्यक्तिको घरमा आयोजना गरिएको पुजाको प्रसाद ग्रहण गर्ने गाउँका सबै मानिसहरु बिरामी भई शनिश्चरे अस्पतालमा मिति २०८१/०५/२७ मा भर्ना भएका बिरामीहरुको उपचार खर्च नगरपालिकाबाट व्यहोर्ने भन्ने तत्कालिन घोषणा बमोजिम बिरामीहरुको कुल उपचार खर्च रु ७०२८६७/- भुक्तानी माग भई मिति २०८१/०६/९६ मा शनिश्चरे अस्पतालबाट प्राप्त पत्रका सम्बन्धमा नगर कार्यपालिकाको बैठकमा छलफलका लागि विषय पेश भएको ।

साथै, शनिश्चरे अस्पतालमा उपचारका लागि आउनु भएका मोहनलाल सहनीकी बहिनी रेश्मा सहनीको उपचार शनिश्चरे अस्पतालमा सम्भव नभई थप उपचारका लागि रेफर गरिएकोमा निजको आर्थिक अवस्था अत्यन्तै कमजोर भएकाले थप स्वास्थोपचारका लागि आर्थिक सहायता माग भई प्राप्त भएको निवेदनका सम्बन्धमा नगर कार्यपालिकाको बैठकमा छलफलका लागि विषय पेश भएको ।

**निर्णयको व्यहोराः** उक्त प्रस्तावमा छलफल गरी प्रस्तावमा उल्लेखित विषयका शनिश्चरे अस्पताललाई नगरपालिकाको प्रकोप/विपद् व्यवस्थापन कोषबाट खर्च लेख्ने गरी भुक्तानी उपलब्ध गराउने र मोहनलाल सहनीकी बहिनी रेश्मा सहनीको उपचारका लागि रु १ लाख ४० हजार उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं ८ शनिश्चरे अस्पतालको रकम भुक्तानी सम्बन्धमा।**

**प्रस्तावको व्यहोरा:** अर्जुनधारा नगरपालिका वडा नं ९ मा मिति २०८१/०५/२६ गते स्थानीय एक व्यक्तिको घरमा आयोजना गरिएको पुजाको प्रसाद ग्रहण गर्ने गाउँका सबै मानिसहरु बिरामी भई शनिश्चरे अस्पतालमा मिति २०८१/०५/२७ मा भर्ना भएका बिरामीहरुको उपचार खर्च नगरपालिकाबाट व्यहोर्ने भन्ने तत्कालिन घोषणा बमोजिम बिरामीहरुको कुल उपचार खर्च रु ७०२८६७/- भुक्तानी माग भई मिति २०८१/०६/९६ मा शनिश्चरे अस्पतालबाट प्राप्त पत्रका सम्बन्धमा नगर कार्यपालिकाको बैठकमा छलफलका लागि विषय पेश भएको ।
साथै, शनिश्चरे अस्पतालमा उपचारका लागि आउनु भएका मोहनलाल सहनीकी बहिनी रेश्मा सहनीको उपचार शनिश्चरे अस्पतालमा सम्भव नभई थप उपचारका लागि रेफर गरिएकोमा निजको आर्थिक अवस्था अत्यन्तै कमजोर भएकाले थप स्वास्थोपचारका लागि आर्थिक सहायता माग भई प्राप्त भएको निवेदनका सम्बन्धमा नगर कार्यपालिकाको बैठकमा छलफलका लागि विषय पेश भएको ।

**निर्णयको व्यहोरा:** उक्त प्रस्तावमा छलफल गरी प्रस्तावमा उल्लेखित विषयका शनिश्चरे अस्पताललाई नगरपालिकाको प्रकोप/विपद् व्यवस्थापन कोषबाट खर्च लेख्ने गरी भुक्तानी उपलब्ध गराउने र मोहनलाल सहनीकी बहिनी रेश्मा सहनीको उपचारका लागि रु १ लाख ४० हजार उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं ९ प्रतिनिधि तोक्ने सम्बन्धमा ।**

**प्रस्तावको व्यहोराः** निवेदक जिल्ला इलाम, इलाम नगरपालिका वडा नं ७ बस्ने धनमान बराइलीले सम्मानित उच्च अदादलत विराटनगरको इलाम इजलासमा यस नगरपालिकाको कार्यालय, नगर प्रमुख तथा ११ नं वडा कार्यालय समेतलाई विपक्षी बनाई दायर गरेको कोर्ड नं ०८१- WO- ००९३ मुद्दाका सम्बन्धमा कार्यालयको तर्फबाट जवाफ पेश गर्न, छलफलमा भाग लिन, प्रमाण पेश गर्न लगायतको कार्यका लागि कार्यालयको तर्फबाट एक जना प्रतिनिधि तोक्नुपर्ने भएको र सम्मानित उच्च अदालतबाट मिति २०८२/०३/०८ मा छलफलका लागि बोलाइएकोमा तत्काल नगर कार्यपालिकाको बैठक बस्ने अवस्था नभई  नगर कार्यपालिकाको बैठकबाट अनुमोदन गर्ने गरी ११ नं वडाका वडा अध्यक्ष श्री खगेन्द्र इङनामलाई प्रतिनिधि तोकी सो विषय अनुमोदनका लागि पेश भएको ।

**निर्णयको व्यहोराः** पेश भए बमोजिम प्रस्तावको व्यहोरा अनुमोदन गरियो ।साथै, उप्रान्त सम्मानित अदालतमा नगर कार्यपालिकाको कार्यालयलाई विपक्षी बनाई दायर हुने मुद्दामा छलफलका लागि प्रतिनिधि तोक्ने तत्काल नगर कार्यपालिकाको बैठक बस्ने अवस्था नभएमा प्रतिनिधि तोक्नका लागि नगर प्रमुखज्यूलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं १० रकमान्तर सम्बन्धमा ।**

**प्रस्तावको व्यहोराः** यस नगरपालिकाको चालु आर्थिक वर्ष २०८१/०८२ को वार्षिक बजेट नीति तथा कार्यक्रम अन्तर्गत समपुरक कोषबाट विनियोजित बजेटमा केही रकम थप गर्नु पर्ने भएकाले नगर प्रमुख विपन्न आवाश कार्यक्रम अन्तर्गत विनियोजित बजेट मध्येबाट रु २५ लाख बजेट रकमान्तर हुन प्रस्ताव पेश भएको।

**निर्णयको व्यहोराः** पेश भए बमोजिमको रकमान्तर प्रस्ताव स्वीकृत गरी रकमान्तरको व्यहोरा अनुमोदनक लागि नगर सभाको प्रस्तावमा थप गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ११ भेरिएसन अर्डर स्वीकृति सम्बन्धमा ।**

**प्रस्तावको व्यहोराः** यस अर्जुनधारा नगरपालिकाको चालु आर्थिक वर्षको स्विकृत बजेट तथा कार्यक्रम अन्तर्गत ठेक्का व्यवस्थापन भएको सालबाडी- देवीथान मार्ग कालोपत्रे आयोजना अर्जुनधारा-११ को सालबाडी मार्गमा आयोजनाको साइटको आवश्यकता बमोजिम लम्बाइ बढाउनु पर्ने भएकाले रु ७,९१,२८३/- (भ्याट बाहेक) को भेरिएसन अर्डर स्वीकृतिका लागि पेश भएको ।

**निर्णयको व्यहोराः** पेश भए बमोजिमको भेरिएसन अर्डर स्वीकृत गर्ने निर्णय गरियो।